वैठक संख्या -१९ मिति २०७३/११/०२ गते विहान ७ वजे।

आज मिति २०७३/११/०२ गते सोमवारका दिन धरान उपमहानगरपालिका कार्य संचालन समितिको वैठक बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति

श्री बिष्णुप्रसाद कोइराला - कार्यकारी अधिकृत एवं प्रमुख - धरान उपमहानगरपालिका कार्यालय

निर्णयहरु

निर्णय नं. १ : स्वीकृत आयोजनाको लागि ऋण अनुदान माग गर्ने तथा पारस्परिक कोष (Matching Fund ) बाट रकम व्यहोर्ने सम्वन्धमा :

धरान १ स्थीत पृथ्वी पथ (गोपाल मार्ग देखि दक्षिण सिंहदेवी चौकसम्मको बाटो) को बाटो कालो पत्रे गर्नका लागि कुल ल.ई. रु १,४८,२८,३१६|८० (भ्याट र ओभरहेड समेत) को अनुमानित लागत मध्ये नगर विकास कोषबाट अनुदान ६० प्रतिसतले हुन आउने रकम रु ८८,९६,९९०|०० तथा ३० प्रतिसतले हुन आउने रकम रु ४४,४८,४९५|– नगर विकास कोष संग ऋण लिने र १० प्रतिसतले हुन आउने रकम रु १४,८२,८३१|६० धरान नगरपालिकाबाट समपुरक कोष मार्फत व्यहोर्ने गरी आयोजना स्वीकृत भएको छ | उक्त स्वीकृत आयोजनाको लागि ऋण अनुदान माग गर्ने तथा समपुरक कोषबाट रकम व्यहोर्ने निर्णय गरियो |

निर्णय नं. २: नगर विकास कोष संग गरिने सम्झौताका लागि अख्तियारी सम्वन्धमा :

निर्णय नं.१अनुसार स्वीकृत आयोजनाको लागि नगर विकास कोष संग सम्झौता गर्नका लागि धरान उपमहानगरपालिकाका कार्यकारी अधिकृत श्री विष्णुप्रसाद कोइराला लाई अख्तियारी दिने निर्णय गरियो |